दर्ता नं: ४६५१
मिति २१ मंसिर २०८२
नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

मिति २०८२।०८।२१

श्रीमान् अध्यक्ष ज्यू
नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।

विषयः- **अल्टिमेटम सम्बन्धमा ।**

नेपाल बीमा प्राधिकरण नेपालको बीमा क्षेत्रको नियामक निकायको रुपमा कार्य गर्दै आईरहेको छ। बीमा क्षेत्रको प्रभावकारी नियमन, निरीक्षण, सुपरीवेक्षण, व्यवस्थापन, विकास तथा बीमितको हक हित संरक्षणमा प्राधिकरणको भूमिका महत्वपूर्ण रहँदै आएको छ। बीमा क्षेत्र देशको आर्थिक सुरक्षा, जोखिम व्यवस्थापन र दीर्घकालीन लगानीको प्रमुख आधार हो। बीमा व्यवसाय तीव्र गतिमा विस्तार भइरहेका कारण नियमन, निरीक्षण तथा सुपरीवेक्षण कार्य थप जटिल हुँदै गईरहेको हुँदा प्राधिकरणको भूमिका समेत थप वृद्धि हुँदै गईरहेको देखिन्छ।

नियामक निकायको उच्च दायित्व तथा जिम्मेवारी अनुकूल पर्याप्त जनशक्ति व्यवस्थापन गरी उचित र पर्याप्त सेवा सुविधा उपलब्ध नभई कर्मचारीले दीर्घकालीन रूपमा गुणस्तरीय सेवा प्रवाह गर्न कठिन हुन्छ। व्यवस्थापनले कर्मचारीमा उत्प्रेरणा पैदा गर्न उत्प्रेरणाका मौद्रिक तथा गैर-मौद्रिक तत्वको समय सापेक्ष प्रयोग तथा परिमार्जन गर्नु अपरिहार्य हुन्छ। अन्य नियामक निकायहरुको तुलनामा आकर्षक सुविधा नहुँदा दक्ष जनशक्ति आकर्षित तथा कायम राख चुनौती बढ्दै गएको विषय अवगत नै छ। उचित पारिश्रमिक प्राप्त, उत्प्रेरित र सन्तुष्ट कर्मचारीहरुबाट मात्र निष्पक्ष र प्रभावकारी सेवा प्रवाह हुन गई बीमा बजारमा पारदर्शिता बढाउँछ, बीमित हक हित संरक्षण हुन्छ र सम्पूर्ण बीमा क्षेत्र दिगो तथा स्थिर रूपमा विकास हुन्छ।

अतः कर्मचारीहरुको वृत्ति विकास, क्षमता विकास, नयाँ अवसरहरुको सृजना गर्ने, पदपूर्तिद्वारा बढुवा, सरुवा, तालिम, सेवा सुविधा लगायतका विषयमा सम्पूर्ण कर्मचारीहरुले निरन्तर आवाज श्रीमान् अध्यक्षज्यू तथा उच्च व्यवस्थापन समक्ष उठाईरहेको तथा कर्मचारी स्टाफ मिटिङमा पनि बारम्बार उठेका विषयहरुमा उच्च व्यवस्थापनबाट कुनै पनि किसिमका पहल तया प्रतिवद्धता प्राप्त नभएको हुँदा बाध्य भई प्राधिकरणका समग्र कर्मचारीहरुको तर्फबाट दुबै क्रियाशिल ट्रेड यूनियनहरुले मिति २०८२।०८।०१ गते ने.बी.प्रा. दर्ता नं. ४०५२ र मिति २०८२।०८।१२ गते ने.बी.प्रा. दर्ता नं. ५४२२ श्रीमान् अध्यक्षज्यू समक्ष लिखित रुपमा कर्मचारीहरुको तर्फबाट माग प्रस्तुत गरी प्राधिकरणको उच्च व्यवस्थापकलाई जानकारी गराएकोमा श्रम ऐन, २०७४ को दफा १२१ को १ को (ग) बमोजिम २१

NIAEU
कुपण्डोल, ललितपुर

नेपाल बीमा प्राधिकरण कर्मचारी संगठन
NIAEO
२०७७, ललितपुर

(एक्काईस) दिन सम्म पनि सौदाबाजीका लागि कुनै पनि पहल नभएको हुँदा **७ (सात)** दिनको अवधि भित्र उक्त मागदावी बमोजिम गर्नुहुन जानकारी गरिन्छ अन्यथा मिति २०८२।०८।२८ देखि क्रमबद्ध रुपमा हड्ताल हुने जानकारी गरिन्छ ।

मागदाबीको वार्ताका लागि प्राधिकरणको यूनियन र संगठन तथा कर्मचारीलाई प्रतिनिधित्व गर्न सामूहिक सौदावाजी समूह देहाय बमोजिम रहेको छ ।

**सौदाबाजी समिति**

प्रेम हरि पोखरेल

दिपक ज्ञवाली

अनुराग पाण्डे

सागर आचार्य

शिब प्रसाद खनाल

**मागहरुः**

१. प्राधिकरणको मिति २०८२ जेठ १२ र १६ गते संचालक समितिबाट स्वीकृत भई मन्त्रालय गएको सेवा सुविधा तथा नयाँ दरबन्दी (नयाँ संगठन संरचना) सहितको प्रतिवेदन लागु गर्ने तथा सो पश्चात मात्र पदपूर्तिको कार्य अगाडी बढाउन पर्ने।

२. बीमा अत्यन्त प्राविधिक विषय भएकोले गर्दा माथिल्लो पदमा खुल्ला प्रतिस्पर्धाचाट पदपूर्ति गर्दा संस्थाको आवश्यकता अनुरुपको जनशक्ति उपलब्ध नहुने हुँदा कर्मचारी विनियमावली ससोधन गरी उपनिर्देशक पदमा आन्तरिक प्रतिस्पर्धा तथा का.स.मू. प्रक्रियाबाट मात्रै पदपूर्ति गर्ने।

३. कर्मचारी विनियमावलीमा प्राविधिक र प्रशासन समूह स्पष्ट नहुँदा निकट भविष्यमा यसले समस्या तथा विवाद सिर्जना गर्न सक्ने अवस्था भईसकेको हुँदा सो विषयहरुलाई समयमै समाधान गर्ने प्रदेश सरुवा तथा भौगोलिक अङ्गको व्यवस्था लाई समेत स्पष्ट पारी नीतिगत व्यवस्था गर्नुपर्ने।

४. कर्मचारीहरुको सिक्ने अवसर, क्षमता विकास, कार्यवातावरण सुधार तथा कर्मचारीहरुको गुनासो सुनुवाई तथा मनोबल वृद्धि जस्ता कर्मचारी विनियमावलीमा भएको कर्मचारीसंग सम्बन्धित विषय (तालिम, मनोनयन, सरुवा, सुझाव पेटिका) मा तथा भविष्यमा कुनै पनि किसिमको विवाद सिर्जना हुन नदिनका लागि कर्मचारीहरुको प्रतिनिधित्व हुनेगरी सिफारिस समितिको आधारमा मात्र हुने व्यवस्था गरिनुपर्ने।

नेपाल बीमा प्राधिकरण कर्मचारी संघ NIAEO २०७७, ललितपुर

५. निर्देशक पदमा अधिकतम सेवा अवधी (cap) को व्यवस्था गर्नुपर्ने।

६. प्राधिकरणको उत्तराधिकारी योजना बनाई यथाशिघ्र लागु गर्ने व्यवस्था मिलाउनुपर्ने।

७. प्राधिकरणको संस्थागत सुधार तथा विकासका लागि अन्तराष्ट्रिय स्तरका सस्था मार्फत Reengineering गर्नुपर्ने।

**बोधार्थ**

श्री वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय, नेपाल सरकार, सिंहदरबार, काठमाण्डौ ।

श्री श्रम तथा रोजगार कार्यालय, टेकु, काठमाण्डौ ।

श्री संचालक समिति सदस्यज्यूहरु, नेपाल बीमा प्राधिकरण, कुपण्डोल, ललितपुर ।

श्रीमान् कार्यकारी निर्देशकज्यू, नेपाल बीमा प्राधिकरण, कुपण्डोल, ललितपुर ।

श्री जिल्ला प्रशासन कार्यालय, ललितपुर।

**(प्रेम हरि पोखरेल)**
**अध्यक्ष**
**नेपाल बीमा प्राधिकरण कर्मचारी यूनियन**

**(दिपक ज्ञवाली)**
**अध्यक्ष**
**नेपाल बीमा प्राधिकरण कर्मचारी संगठन**

नेपाल बीमा प्राधिकरण कर्मचारी संगठन
NIAEO
२०७७, ललितपुर

नेपाल बीमा प्राधिकरण कर्मचारी यूनियन
NIAEU
कुपण्डोल, ललितपुर